# विद्युतसम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमनसम्बन्धी निर्देशिका, २०७८

(आयोगबाट स्वीकृत मितिः२०७८।०६।०७)

**प्रस्तावनाः** विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्ने अनुमतिपत्र प्राप्त कम्पनीको शेयरको सार्वजनिक निष्कासन गर्न यस आयोगबाट पूर्वस्वीकृति लिनुपर्ने व्यवस्थालाई स्पष्ट, पारदर्शी तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी आयोगले यो निर्देशिका बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "विद्युतसम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्व स्वीकृति तथा नियमनसम्बन्धी निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका अनुमतिपत्र प्राप्त कम्पनीको हकमा लागु हुनेछ ।

(३) यो निर्देशिका तत्काल लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) **"अनुमतिपत्र प्राप्त कम्पनी"** भन्नाले विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्न प्रचलित कानुनबमोजिम अनुमतिपत्र प्राप्त कम्पनी वा संस्था सम्झनु पर्छ,

(ख) **"संस्थापक शेयरधनी"** भन्नाले अनुमतिपत्र प्राप्त कम्पनीको शेयरको सार्वजनिक निष्कासनको समयसम्ममा शेयर ग्रहण गरेको व्यक्ति वा संस्था सम्झनु पर्छ । सो शब्दले संस्थापक शेयर धनिबाट शेयर खरिद वा हस्तान्तरण गरी लिने व्यक्ति समेतलाई जनाउँछ,

(ग) **"आयोग"** भन्नाले ऐनको दफा २ को खण्ड (ग) बमोजिमको विद्युत नियमन आयोग सम्झनु पर्छ,

(घ) **"आर्थिक वर्ष"** भन्नाले श्रावण एक गतेदेखि आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्छ,

(ङ) **"आयोजना"** भन्नाले अनुमतिपत्र प्राप्त कम्पनीको स्वामित्वमा रहेको विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारसँग सम्बन्धित भौतिक पूर्वाधार तथा संरचना सम्झनु पर्छ र

सो शब्दले आयोजनाको सम्पूर्ण चल, अचल सम्पत्ति तथा दायित्व र आयोजनाको सम्पूर्ण प्रतिवेदन लगायतको आयोजनासँग सम्बन्धित विवरणसमेतलाई जनाउँछ,

(च) **"ऐन"** भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ सम्झनु पर्छ,

(छ) **"खुद सम्पत्ति"(नेट वर्थ)** भन्नाले अनुमति प्राप्त कम्पनीको वासलातमा रहने सम्पत्तिको कुल जोडमा बाह्य दायित्वलाई घटाई कायम हुन आउने रकम सम्झनु पर्छ,

(ज) **"नियमावली"** भन्नाले विद्युत नियमन आयोग नियमावली, २०७५ सम्झनु पर्छ,

(झ) **"वित्तीय व्यवस्थापन"** भन्नाले अनुमतिपत्र प्राप्त कम्पनी र बैंक तथा वित्तीय संस्थाबिच आयोजना निर्माणका लागि ऋण लगानी गर्न भएको सम्झौता सम्झनु पर्छ,

(ञ) **"साधारण शेयरधनी"** भन्नाले संस्थापक शेयरधनी बाहेकका सार्वजनिक निष्काशनबाट शेयर ग्रहण गरेका व्यक्तिलाई सम्झनु पर्दछ । सो शब्दले धितोपत्र बजारमा शेयर खरिद गर्ने व्यक्ति समेतलाई जनाउँछ,

(ट) **"शेयरको सार्वजनिक निष्कासन"** भन्नाले शेयरको प्रारम्भिक निष्कासन वा हकप्रद शेयर निष्कासन वा शेयरको थप सार्वजनिक निष्कासन वा बिक्री प्रस्ताव मार्फत गरिएको शेयर बिक्री समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## शेयरको सार्वजनिक निष्कासनको पूर्व स्वीकृतिसम्बन्धी व्यवस्था

३. **शेयरको सार्वजनिक निष्कासनको पूर्व स्वीकृति लिनुपर्नेः**

(१) अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासन गर्न आयोगबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूर्व स्वीकृति लिनुपर्दा शेयरको सार्वजनिक निष्कासन तथा सो निष्कासनबाट प्राप्त हुने कुल रकमको उपयोगको सम्बन्धमा स्पष्ट वित्तीय योजना सञ्चालक समिति तथा साधारण सभाबाट पारित गरेको हुनु पर्नेछ ।

(३) सञ्चालक समितिले हकप्रद शेयर निष्काशनसम्बन्धी प्रस्ताव आयोगको सहमति लिई साधारणसभामा पेस गरेको हुनु पर्नेछ ।

(४) नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भएको शेयर खरिद बिक्री गर्न आयोगबाट पूर्व स्वीकृति लिनुपर्ने छैन ।

**४. शेयरको प्रारम्भिक निष्कासन:**

(१) अनुमतिपत्र प्राप्त कम्पनीले निर्माणाधीन आयोजना वा संचालनमा रहेका आयोजनाको लागि शेयरको प्रारम्भिक निष्कासन गर्न पूर्व स्वीकृतिको लागि आयोग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शेयरको प्रारम्भिक निष्कासनको पूर्व स्वीकृतिको लागि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन तथा अनुसूची २, अनुसूची ७ (क), ७ (ख), ८ (क), ८ (ख) र ८ (ग) बमोजिमको विवरण तथा कागजात एक प्रति प्रमाणित र पाँच प्रति प्रतिलिपि संलग्न गरी अनुसूची ६ बमोजिमको सेवा शुल्क बुझाएको बैंक भौचरसहितको निवेदन पेस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदनसँग पछिल्लो तीन आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण, चालु आर्थिक वर्षको अपरिष्कृत वित्तीय विवरण, प्रस्तावित शेयर निष्कासनबाट प्राप्त हुने रकम लगायतका विवरण समावेश गरी तयार पारिएको आगामी पाँच आर्थिक वर्षको तलिकाबद्ध गरिएको वित्तीय विवरणको प्रक्षेपण तथा सम्पादन गरिने कार्यहरूको विवरण एवम् कार्यतालिका र सो प्रक्षेपणका लागि लिइएको आधार तथा मान्यतासहितको विवरण प्रचलित कानुनबमोजिम लेखा व्यावसाय गर्न अनुमति प्राप्त व्यक्तिबाट प्रमाणित गराई आयोगसमक्ष पेस गर्नु पर्नेछ ।

(४) आयोजना प्रभावित क्षेत्रका बासिन्दाको लागि छुट्याइएको शेयर र अन्य कुनै विषयमा सहमति भएको भए सो सहमतिसमेत आयोगसमक्ष पेस गर्नु पर्नेछ ।

(५) निवेदन पेस गर्ने कम्पनीले देहायबमोजिमको सर्त पूरा गरेको हुनु पर्नेछः-

(क) कम्पनीमा साबिकका शेयरधनीको लागि जारी भएको शेयर बापतको रकम शत प्रतिशत चुक्ता भएको हुनु पर्नेछ ।

(ख) आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि छुट्याइएको शेयरको सम्बन्धमा कम्पनीको सञ्चालक समितिमा निर्णय भएको र साधारण सभाबाट पारित भएको हुनु पर्नेछ ।

(ग) निर्माणको चरणमा रहेका आयोजनाको हकमा (प्रसारण लाइनसमेत) निर्माण कार्यको भौतिक र वित्तीय प्रगति कम्तीमा पचास प्रतिशत सम्पन्न भएको हुनु पर्नेछ । सोको प्रमाणिकरण बैंक तथा वित्तीय संस्थाको परामर्शदाता समेतबाट भएको हुनु पर्नेछ ।

यस्तो आयोजना सम्पन्न भएपछि आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइनसम्म जोड्नका लागि आवश्यक पूर्वाधारको प्रत्याभूति समेत भएको हुनु पर्नेछ ।

*तर, शेयरधनीको अग्रिम लगानी रकम नेपाल सरकार वा सरकारको सम्बन्धित निकायबाट सुरक्षित हुने प्रत्याभूति भएको अवस्थामा कबुल गरिएको कुल शेयरको अधिकतम दश प्रतिशतसम्म अग्रिम भुक्तानी लिने गरी शेयर निष्कासन गर्न बाधा पर्ने छैन ।*

(६) सञ्चालनमा रहेका आयोजनाको हकमा निर्माणकार्य सम्पन्न हुँदा बैंक तथा वित्तीय संस्था र स्वलगानीबाट लगानी भएको रकम (सार्वजनिक निष्काशन समेत) र निर्माणाधिन आयोजनाको हकमा बैंक तथा वित्तीय संस्था र स्वलगानीबाट लगानी गरेको/हुने रकम (सार्वजनिक निष्काशन समेत) समेतको आधारमा आयोजनाको कुल लागत पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको कुल लागतमा स्वलगानीको अंश तीस प्रतिशत वा सोभन्दा कम भएको अवस्थामा शेयरको निष्काशन पश्चात् कायम हुने कुल चुक्ता पूँजीको अधिकतम उनन्चास प्रतिशतसम्मको पूँजीका लागि शेयरको प्रारम्भिक निष्काशन गर्न पूर्व स्वीकृति प्रदान गर्न सकिनेछ ।

(८) उपदफा (६) बमोजिमको कुल लागतमा स्वलगानीको अंश तीस प्रतिशत भन्दा वढी र चालिस प्रतिशतसम्म भएको अवस्थामा शेयरको निष्काशन पश्चात् कायम हुने कुल चुक्ता पूँजीको चालिस प्रतिशतसम्म र कुल लागतमा स्वलगानीको अंश चालिस प्रतिशत भन्दा बढी भएमा तिस प्रतिशतसम्म पूँजीका लागि मात्र शेयरको प्रारम्भिक निष्काशन गर्न पूर्व स्वीकृति प्रदान गर्न सकिनेछ ।

## ५. आयोजना निर्माणको लागि हकप्रद शेयरको सार्वजनिक निष्कासनः

(१) अनुमतिपत्र प्राप्त कम्पनीले आफु मुख्य कम्पनीको हैसियतमा एकाउन्न प्रतिशत वा सो भन्दा बढी शेयर रहने गरी आफ्नो मातहतको आयोजनामा वा आफ्नो सहायक कम्पनीको आयोजनामा वा नयाँ सहायक कम्पनी स्थापना गरी आयोजना निर्माणको लागि संस्थागत लगानी गर्न हकप्रद शेयर निष्काशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आफु मुख्य कम्पनीको हैसियत हुने बाहेकका अन्य अनुपतिपत्र प्राप्त कम्पनीले निर्माण गरिरहेको वा गर्न गईरहेको आयोजनामा पचास प्रतिशत भन्दा कम शेयर लगानी गर्ने प्रयोजनका लागी हकप्रद शेयरको निष्काशन गर्न सक्नेछ । यसरी

शेयर निष्काशन गर्दा उक्त आयोजना निर्माणको भौतिक प्रगति पच्चिस प्रतिशत भन्दा बढी भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम आयोजनाको लागि आवश्यक पर्ने लगानी रकम स्पष्ट खुलाई पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम हकप्रद शेयरको सार्वजानिक निष्कासनको पूर्वस्वीकृतिको लागि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन तथा अनुसूची ३, अनुसूची ७ (क), ७ (ख), ८ (क), ८ (ख) र ८ (ग) बमोजिमको विवरण तथा कागजात एक प्रति प्रमाणित र पाँच प्रति प्रतिलिपि संलग्न गरी अनुसूची ६ बमोजिमको सेवा शुल्क बुझाएको बैंक भौचरसहितको निवेदन आयोगसमक्ष पेस गर्नु पर्नेछ ।

(५) यस दफाबमोजिम हकप्रद शेयरको निष्कासनको लागि निवेदन दिंदा सहायक कम्पनीमा रहने मुख्य कम्पनी र अन्य शेयरधनीको कति कति प्रतिशत शेयर कायम रहने हो सोको विवरण पेश गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम निवेदन पेस गर्दा मुख्य कम्पनी र सहायक कम्पनीले देहाय बमोजिमको सर्त पूरा गरेको र लागु भएको हुनु पर्नेछः

(क) मुख्य कम्पनीले आफ्नो आयोजनाको विद्युतको व्यापारिक उत्पादन शुरू गरेको हुनु पर्नेछ ।

(ख) मुख्य कम्पनीले सहायक कम्पनीको चुक्ता पूँजीको एकाउन्न प्रतिशत वा सोभन्दा बढी अंश ग्रहण गरेको हुनु पर्नेछ ।

(ग) आयोजनाको विद्युत खरिदबिक्री सम्झौता सम्पन्न भएको हुनु पर्नेछ ।

(घ) आयोजना निर्माणको लागि वित्तीय व्यवस्थापन सम्पन्न भएको हुनु पर्नेछ ।

(ङ) आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएको हुनु पर्नेछ ।

(च) मुख्य कम्पनी नेपालको धितोपत्र बजारमा सूचिकृत भएको कम्पनी हुनु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम हकप्रद शेयर निष्काशन गर्दा बढीमा १:२ को अनुपात भन्दा बढी नहुने गरी निष्काशन गर्न पाइनेछ ।

(८) उपदफा (२) को हकमा भने बढीमा १:१ अनुपात भन्दा बढी नहुने गरी निष्काशन गर्न पाइनेछ ।

(९) उपदफा (७) र (८) बमोजिम शेयर निष्काशन गर्दा अघिल्लो पटक निष्काशन गरिएको हकप्रद शेयरको रकम आयोजना निर्माणमा खर्च भईसकेको हुनु पर्नेछ ।

(१०) उपदफा (५) र उपदफा (९) बमोजिमका विवरणहरू हकप्रद शेयरको सार्वजनिक निष्कासन गर्दा सार्वजनिक जानकारीका लागि प्रकाशन गर्नु पर्नेछ ।

(११) यस दफा बमोजिम हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ ।

(१२) उपदफा (७) र (८) बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नुपर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ ।

*स्पष्टिकरणः यस दफाको प्रयोजनको लागिः-*

*(क) मुख्य कम्पनी भन्नाले अर्को कम्पनीको चुक्ता पूँजीको एकाउन्न प्रतिशत वा सो भन्दा बढी शेयर ग्रहण गरेको वा गर्न गइरहेको कम्पनी सम्झनु पर्छ ।*

*(ख) कुनै कम्पनीको चुक्ता पूँजीको पचास प्रतिशतभन्दा बढी शेयर अर्को कम्पनीले ग्रहण गरेको भएमा सो शेयर जारी गरेको कम्पनीसमेतलाई सहायक कम्पनी सम्झनु पर्छ ।*

**६. निर्माणाधीन आयोजनाकोलागि हकप्रद शेयर निष्कासनः**

(१) अनुमतिपत्र प्राप्त कम्पनीले प्रारम्भिक शेयर निष्काशन गरे पश्चात् विभिन्न कारणले आयोजनाको निर्माण सम्पन्न हुन नसकेको अवस्थामा आयोजनाको बाँकी निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनका लागि हकप्रद शेयर निष्कासन गर्न अनुसूची १ बमोजिमको ढाँचामा निवेदन तथा अनुसूची ४, अनुसूची ७ (क), ७ (ख), ८ (क), ८ (ख) र ८ (ग) बमोजिमको विवरण तथा कागजात एक प्रति प्रमाणित र पाँच प्रति प्रतिलिपि संलग्न गरी अनुसूची ६ बमोजिमको सेवा शुल्क बुझाएको बैंक भौचरसहितको निवेदन आयोगसमक्ष पेस गर्नु पर्नेछ ।

(२) आयोजना निर्माणको लागत काबुबाहिरको परिस्थितिका कारणले बढ्न गएको अवस्था हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्माण लागत बढ्न गएमा स्वलगानीको भागमा हुन आउने रकमको लागि हकप्रद शेयर निष्काशन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको निवेदन पेस गर्ने कम्पनीले देहायबमोजिमको सर्त पूरा गरेको हुनु पर्नेछः

(क) आयोजनाको भौतिक प्रगति कम्तीमा असी प्रतिशत हासिल भएको हुनु पर्नेछ ।

(ख) निर्माण सम्पन्न गर्न आवश्यक रहेको पूँजीगत लगानीको सम्बन्धमा स्पष्ट वित्तीय एवम् तालिकावद्ध कार्ययोजना सञ्चालक समिति तथा साधारण सभाबाट पारित गरिएको हुनु पर्नेछ ।

(ग) कम्पनीले आयोजना निर्माणका लागी ऋण लिएको बैंक तथा वित्तीय संस्थाबाट हकप्रद शेयर निष्कासन सम्बन्धमा सहमति लिएको हुनु पर्नेछ ।

(५) हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नु पर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ ।

*स्पष्टीकरणः यस दफा प्रयोजनका लागी काबुबाहिरको परिस्थिती भन्नालेः*

*क) दैवि प्रकोप एवम् प्राकृतिक विपत्ती,*

*ख) कुनै महामारी रोग फैलिएको अवस्था,*

*ग) लडाई, आन्तरिक बिद्रोह, बन्द, हड्ताल, नाकाबन्दी र यस्तै कारणले उत्पन्न विध्वंसात्मक कार्य,*

*घ) (क) देखि (ग) जस्ता कारणले श्रमिक, मालसामान वा सेवा उपलब्ध हुन नसकी आयोजना निर्माण, परिक्षण वा सञ्चालन गर्न नसकेमा ।*

**७. अन्य प्रयोजनको लागि शेयरको सार्वजनिक निष्कासनः**

(१) दफा ४, ५ र ६ मा तोकिएबमोजिम बाहेक अन्य प्रयोजनका लागि थप पूँजीको आवश्यकता पर्दा अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासनको पूर्व स्वीकृतिको लागि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन तथा अनुसूची ५, अनुसूची ७ (क), ७ (ख), ८ (क), ८ (ख) र ८ (ग) बमोजिमको विवरण तथा कागजात एक प्रति प्रमाणित र पाँच प्रति प्रतिलिपि संलग्न गरी अनुसूची ६ को सेवा शुल्क बुझाएको बैंक भौचरसहितको निवेदन आयोगसमक्ष पेस गर्नु पर्नेछ ।

(२) कम्पनीले यस दफाबमोजिम निवेदन पेस गर्दा प्रस्तावित शेयर निष्कासनको आबश्यकता र औचित्य पुष्टि हुने आधार आयोगसमक्ष पेस गर्नु पर्नेछ ।

(३) शेयरको सार्वजनिक निष्कासनको प्रकार तथा सो निष्कासनबाट प्राप्त हुने कुल रकमको उपयोगको सम्बन्धमा स्पष्ट वित्तीय एवम् तालिकावद्ध कार्ययोजना सञ्चालक समिति तथा साधारण सभाबाट पारित गरेको हुनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन दिंदाको बखत कायम रहेको चुक्ता पूँजीको वढीमा १:१ अनुपात भन्दा वढी नहुने गरी हकप्रद शेयरको निष्काशन गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिम हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नु पर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ ।

८. **निवेदनउपर जाँचबुझ गर्ने:**

(१) प्राप्त भएको निवेदन, कागजात तथा विवरणउपर आयोगले आवश्यक जाँचबुझ गर्नेछ ।

(२) पेस गरेको विवरण अपुग देखिएमा वा अन्य कागजात तथा विवरण आवश्यक ठानेमा आयोगले थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग भएका सम्पूर्ण कागजात तथा विवरण प्राप्त भएको मितिलाई रितपूर्वक निवेदन प्राप्त भएको मिति मानिनेछ ।

९. **निवेदन उपर निर्णय:** रितपूर्वक निवेदन प्राप्त भए पश्चात् आयोगले शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति सम्बन्धमा निर्णय गर्नेछ ।

## परिच्छेद ३
## विविध

१०. **धितोपत्र बजारमा शेयरको खरिदबिक्री:**

(१) साधारण शेयरधनीले आफ्नो शेयर प्रचलित कानुन बमोजिम धितोपत्र बजारमा खरिदबिक्री गर्न सक्नेछन् ।

(२) संस्थापक शेयरधनीले आफ्नो शेयर यस निर्देशिकाको अधिनमा रही प्रचलित कानुन बमोजिम धितोपत्र बजारमा खरिदबिक्री गर्न सक्नेछन् ।

११. **संगठित संस्थाको शेयरको खरिदबिक्री:** सूचीकृत कम्पनीको शेयरधनी मध्ये कुनै शेयरधनी संगठित संस्था भएमा त्यस्तो संगठित संस्थाले आफुँसंग रहेको शेयर खरिदबिक्री गर्नु पर्दा पन्ध्र दिन अगावै सोको विवरण सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गरी आयोगमा जानकारी समेत दिनु पर्नेछ ।

> ***स्पष्टिकरण:*** *यस दफाको प्रयोजनका लागि संगठित संस्था भन्नाले प्रचलित कानुन बमोजिम स्थापना वा दर्ता भएको कम्पनी वा संस्थान वा निगम जस्ता कानुनी व्यक्ति सम्झनु पर्छ ।*

१२. **बोनस शेयरः**

(१) शेयर संरचनामा पाँच प्रतिशतभन्दा बढी परिवर्तन हुने भएमा आयोगको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) कम्पनीले शेयरधनीलाई बोनस शेयर प्रदान गर्दा आयोगमा जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बोनस शेयर प्रदान गर्दा सो वापत प्राप्त हुने पूँजीको लगानी विवरण आयोग समक्ष पेस गर्नु पर्नेछ ।

१३. **प्रत्याभूती गर्नुपर्नेः** शेयरको सार्वजनिक निष्काशन गर्दा निष्काशन गरिने शेयरको प्रचलित कानुन बमोजिम अधिकारप्राप्त निकायबाट प्रत्याभूती (अण्डरराइटिङ्ग) गरिएको हुनु पर्नेछ । यसरी प्रत्याभूतकर्ताले ग्रहण गरेको शेयर धितोपत्र बजारमा खरिदबिक्री गर्न सकिनेछ ।

१४. **बिमा र मर्मत संभार कोष सम्बन्धी व्यवस्थाः** आयोजना एवम् आयोजनासम्बन्धी बिभिन्न पक्षहरूको बिमा गरिएको हुनुपर्नेछ । साथै आयोजनाको मर्मत संभार कोषको समेत व्यवस्था गरिएको हुनु पर्नेछ ।

१५. **कम्पनी तथा आयोजनाले पेस गर्नुपर्ने विवरणः** (१) अनुमतिपत्र प्राप्त कम्पनीले अनुसूची ७ (क) र ८ (क) बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(२) अनुसूची ७ (ख), ८ (ख) र ८ (ग) बमोजिमको विवरण त्रैमासिक समाप्त भएको मितिले एक महिनाभित्र आयोग समक्ष पेश गर्नु पर्नेछ ।

१६. **सार्वजनिक गर्नुपर्ने विवरणः**

(१) अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासन गर्दा प्रकाशन गरिने विवरणपत्रमा धितोपत्रसम्बन्धी प्रचलित कानुन बमोजिमका विवरणको अतिरिक्त देहाय बमोजिमको विवरण समेत समाबेश गर्नु पर्नेछः

(क) निर्माणाधीन जलविद्युत आयोजनाको हकमा विद्युत खरिदबिक्री सम्झौतामा समाबेश भए अनुरूप बिक्री हुने विद्युत ऊर्जाको मासिक परिमाण, बिक्री दर र सो अनुसारको आय विवरण उल्लेख भएको बाह्रै महिनाको तालिका ।

(ख) विद्युत उत्पादन शुरू भईसकेका आयोजनाको हकमा माथि खण्ड (क) को तालिका र गत आर्थिक बर्ष र चालु आर्थिक बर्षमा बिक्री भएको विद्युत ऊर्जाको मासिक परिमाण, बिक्री दर एवम् विद्युत खरिदकर्ताले भुक्तानी गरेको रकम समेत उल्लेख भएको बाह्रै महिनाको तालिका ।

(ग) कम्पनीले संचालन गरेका र स्वामित्वमा रहेका सबै आयोजनाको विवरण, अनुमतिपत्रको बाँकी अवधी, ऋण लिएको समय र रकम, सो भुक्तानी गर्ने अवधि ।

(घ) खण्ड (ग) बमोजिमका आयोजनाको ऋण र स्वलगानी समेतको कुल लागत रकम, विगत प्रत्येक वर्षको आम्दानी, संचालन खर्चको विवरण तथा मुनाफा वा नोक्सानीको स्थिति ।

(ङ) बिद्युत ऐन, २०४९ बमोजिम साविक रोयल्टीमा वृद्धि लागु हुने मिति र प्रतिशत ।

(च) प्रचलित कानुन बमोजिम आयोजनाले प्राप्त गर्ने आयकर लगायतका कर छुट सम्बन्धी विवरण र सो छुट हुने बाँकी अवधी ।

(छ) आयोजना प्रभावित स्थानीयले प्राप्त गरेको/गर्ने शेयर सङ्ख्या र संस्थापक शेयर मध्ये सूचीकरण हुने शेयर सङ्ख्या एवम् सूचीकरण हुने मिति समेतको विवरण ।

(ज) शेयरको प्रारम्भिक निष्काशनका बखतसम्मका शेयरधनीको कुल शेयर संख्या एवम् रकम, सञ्चालक सदस्यको नाम, शेयरधनीको रूपमा रहेका संगठित संस्था भए सोको नाम एवम् ग्रहण गरेको शेयर संख्या र रकम समेतको विवरण ।

(२) अनुमतिपत्र प्राप्त कम्पनीले सञ्चालनमा रहेका आयोजनाको हकमा अनुसूची ७ (क) र ७ (ख) बमोजिमको साथै निर्माणाधिन आयोजनाको हकमा अनुसूची ८ (क), ८ (ख) र ८ (ग) बमोजिमको विवरण त्रैमासिक र वार्षिक रूपमा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नु पर्नेछ ।

१७. **आदेश र निर्देशन जारी गर्ने:** आयोगले ऐन, नियमावली बमोजिम शेयरको सार्वजनिक निष्कासनसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न र यस निर्देशिका बमोजिम निर्दिष्ट गरिएको विषय सम्पादन गर्न समय समयमा आदेश, निर्देशन वा परिपत्र जारी गर्न सक्नेछ ।

१८. **मापदण्ड, संहिता तथा संस्थागत सुशासन:** अनुमतिपत्र प्राप्त कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन पालना गर्नु पर्नेछ ।

१९. **अन्य कानूनी व्यवस्था:** शेयरको सार्वजनिक निष्कासनका सम्बन्धमा यस निर्देशिकामा लेखिएको कुरा यसै निर्देशिका बमोजिम र अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

२०. **बाधा अड्काऊ फुकाऊनेः** यस निर्देशिका बमोजिम कार्यसम्पादन गर्न कुनै बाधा अड्काऊ उत्पन्न भएमा आयोगको निर्णयबाट सो बाधा अड्काऊ फुकाऊन सकिनेछ । यसरी आयोगबाट भएको बाधा अड्काऊ फुकाऊको निर्णय सार्वजनिक गरिनेछ ।

२१. **खारेजी र बचाउः**

(१) "विद्युतसम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनसम्बन्धी निर्देशिका, २०७६" खारेज गरिएको छ ।

(२) "विद्युतसम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनसम्बन्धी निर्देशिका, २०७६" बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १

(दफा ४, ५, ६ र ७ सँग सम्बन्धित)

**शेयरको सार्वजनिक निष्कासनको पूर्व स्वीकृतिसम्बन्धी निवेदनको ढाँचा**

मितिः.....................

श्री विद्युत नियमन आयोग
................, काठमाडौं ।

विषयः शेयरको ......................सार्वजनिक निष्कासन सम्बन्धी पूर्व स्वीकृति पाउँ भन्ने बारे।

उपरोक्त विषयमा नेपालको प्रचलित कानुनबमोजिम विद्युतको उत्पादन/प्रसारण/वितरण/व्यापार अनुमतिपत्र प्राप्त कम्पनी ......................................ले शेयरको ..................... सार्वजनिक निष्कासनको पूर्व स्वीकृति पाउँ भनी देहाय बमोजिमको विवरणसहित निवेदन पेस गर्दछौं:

**१. अनुमतिपत्र प्राप्त कम्पनीको विवरण**

कम्पनीको नाम र ठेगानाः
कम्पनीको दर्ता नम्बरः
उद्योग दर्ता नम्बरः
स्थायी लेखा नम्बरः

**२. विगतमा गरिएका शेयरको सार्वजनिक निष्कासनको विवरण**

पछिल्लो शेयरको सार्वजनिक निष्कासन गरेको मितिः
साधारणको लागि निष्कासन गरिएको शेयर सङ्ख्या तथा रकमः
आयोजना प्रभावित क्षेत्रका बासिन्दाको लागि निष्कासन गरिएको शेयर सङ्ख्या तथा रकमः
हाल कायम रहेको संस्थापक शेयरधनीको सङ्ख्या, शेयर सङ्ख्या तथा रकमः
कूल शेयर सङ्ख्या तथा रकमः

**३. प्रस्तावित शेयरको सार्वजनिक निष्कासनको विवरण**

सार्वजनिक निष्कासन गरिने शेयरको सङ्ख्या तथा रकमः
कर्मचारी/कामदारका लागि निष्कासन गरिने शेयर सङ्ख्या तथा रकमः
म्यूचुअल फण्डका लागि निष्कासन गरिने शेयर सङ्ख्या तथा रकमः
आयोजना प्रभावित क्षेत्रका बासिन्दाको लागि निष्कासन गरिने शेयर सङ्ख्या तथा रकमः

**४. कम्पनीको पूँजी**

साबिकको:

कम्पनीको अधिकृत पूँजीः

कम्पनीको जारी पूँजीः

कम्पनीको चुक्ता पूँजीः

संस्थापक शेयरधनीबाट चुक्ता भएको पूँजीः

साधारण शेयरधनीबाट चुक्ता भएको पूँजीः

सार्बजनिक निष्काशन पश्चात्कोः

कम्पनीको अधिकृत पूँजीः

कम्पनीको जारी पूँजीः

कम्पनीको चुक्ता पूँजीः

संस्थापक शेयरधनीबाट चुक्ता हुने पूँजीः

साधारण शेयरधनीबाट चुक्ता हुने पूँजीः

**५. आयोजनाको वित्तीय अवस्था**

आयोजनाको लागतः

आयोजनामा भएको पूँजीगत खर्चः

स्वलगानीबाट भएकोः

ऋणबाट भएकोः

बैंक वा वित्तीय संस्थासँग ऋणको किस्ता भुक्तानी सुरू हुने/भएको मिति तथा ऋणको अवधिः

हालसम्मको प्रत्येक वर्षको वार्षिक आम्दानी:

हालसम्मको प्रत्येक आ.व.को वार्षिक सञ्चालन तथा व्यवस्थापन खर्चः

हालसम्मको प्रत्येक आ.व.को मुनाफा वा नोक्सानी रकमः

बैंक वा वित्तीय संस्थासँग ऋण सम्झौता भएको मिति तथा ऋण रकमः

ऋण र स्वलगानी बिचको अनुपातः

IRR/ROE/ROA/DSCR/ISCR/Retained Earnings:

**६. आयोजनाको विवरण**

आयोजनाको नाम र ठेगानाः

अनुमतिपत्र नं.:

जारी गरिएको मिति र अवधिः

अनुमतिपत्र जारी गर्ने निकायः

(क) **विद्युत उत्पादन आयोजनाको हकमा**

आयोजनाको जडित क्षमताः

विद्युतीय ऊर्जाको स्रोत (जलविद्युत, सौर्य ऊर्जा, वायु ऊर्जा, थर्मल, प्राकृतिक ग्यास, चुम्बकिय ऊर्जा, गुरूत्वाकर्षण ऊर्जा आदि):

आयोजनाको प्रकार (रन अफ द रिभर, जलाशययुक्त, अर्ध जलाशययुक्त आदि)ः
विद्युत खरिद सम्झौता सम्पन्न भएको वितरण/व्यापार अनुमतिपत्र प्राप्त कम्पनी/संस्थाको नामः
विद्युत खरिद सम्झौता सम्पन्न भएको मिति र सम्झौताको अवधिः
व्यापारिक उत्पादन सुरू गर्नुपर्ने मितिः
व्यापारिक उत्पादन सुरू गरेको मितिः
बार्षिक कूल उर्जाः
सुख्खा यामको ऊर्जाः
वर्षा यामको ऊर्जाः

**(क) विद्युत प्रसारण आयोजनाको हकमा**

प्रसारण लाइनको भोल्टेज स्तर (किलोभोल्ट), लम्बाई (किलोमिटर) तथा सर्किट सङ्ख्याः
प्रसारण लाइनका प्रमुख प्रयोगकर्ताको सूची (प्रशारण शुल्क व्यहोर्ने)ः
विद्युत प्रसारण (व्हिलिङ्ग) सम्झौता सम्पन्न भएको भए सोको मिति र सम्झौताको अवधिः
आयोजना रहेको म.न.पा. /उ.म.न.पा. /न.पा. /गा.पा.ः जिल्लाः प्रदेशः
वार्षिक विद्युत प्रसारण (व्हिलिङ्ग) हुने विद्युतको परिमाण (किलोवाट घण्टा)ः
अधिकतम विद्युत प्रसारण क्षमता (Maximum Transmission Capacity) (मेगावाट)ः
विद्युत प्रसारणको उपलब्धता (Available Transmission Margin) (मेगावाट)ः

**(ख) विद्युत वितरण आयोजनाको हकमा**

उपभोक्ताको बर्गिकरण सहितको सङ्ख्या विवरणः
विद्युत वितरण गरिने जिल्लाः प्रदेशः
खरिद गरिने र बिक्री गर्ने ऊर्जाको वार्षिक परिमाण (किलोवाट घण्टा)ः
विद्युतको अधिकतम माग (मेगावाट)

**(ग) विद्युत व्यापार आयोजनाको हकमा**

विद्युत खरिद गरिने संस्थाको नामः
विद्युत पुनः बिक्री गरिने संस्थाको नामः
खरिद बिक्री गर्न पाउने विद्युतको अधिकतम क्षमता (मेगावाट)ः
खरिद बिक्री गर्न पाउने वार्षिक ऊर्जाको परिमाण (किलोवाट घण्टा)ः
विद्युत व्यापारको वार्षिक कारोवार रकमः

**अधिकार प्राप्त अधिकारीको नामः** **कम्पनीको छापः**

**दस्तखतः**

**मितिः**

**पदः**

अनुसूची २
(दफा ४ सँग सम्बन्धित)

**शेयरको प्रारम्भिक निष्काशनसम्बन्धी निवेदनको साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरण:**

(क) कम्पनी सञ्चालकको लगत, सञ्चालकको वैयक्तिक विवरण तथा संस्थापक शेयरधनीको शेयर रकम सहितको विवरण ।

(ख) संस्थापक शेयरधनीले लिन कबोल गरेको शेयर चुक्ता भएको कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित शेयर लगत ।

(ग) आयोजना सम्बन्धी विवरण र वित्तीय व्यवस्थापन सम्पन्न भएको कागजात ।

(घ) निर्माणको चरणमा रहेका आयोजनाको हकमा ऋण लगानीकर्ताको प्राविधिक तथा वित्तीय परामर्शदाताबाट प्रमाणित आयोजनाको भौतिक प्रगति कम्तीमा पचास प्रतिशत सम्पन्न भएको विवरण, खर्चको विवरण, प्रसारण लाइनको हालको अवस्था र राष्ट्रिय प्रसारण लाइनसम्म जोड्नका लागि आवश्यक पूर्वाधारको प्रत्याभूतिसम्बन्धी कागजात ।

(ङ) आयोजना निर्माणको लागि प्रचलित कानुनबमोजिम प्राप्त इजाजत, अनुमतिपत्र वा स्वीकृति सम्बन्धी कागजात ।

(च) शेयरको प्रारम्भिक निष्काशन गर्ने सम्बन्धमा अनुमतिपत्र प्राप्त कम्पनीको सञ्चालक समिति तथा साधारण सभाको निर्णय ।

(छ) अनुसूची ७ (क), ७ (ख), ८ (क), ८ (ख) र ८ (ग) बमोजिमको विवरण ।

(ज) शेयरको सार्वजनिक निष्काशनबाट प्राप्त पूँजी उपयोगको वित्तीय एवम् तालिकावद्ध कार्ययोजना ।

(झ) पछिल्लो तीन आर्थिक वर्षको लेखापरीक्षण प्रतिबेदन र अनुमतिपत्र प्राप्त चार्टर्ड एकाउन्टेन्ट समेतबाट तयार गरिएको आगामी पाँच आर्थिक वर्षको शेयर निष्काशनबाट प्राप्त पूँजी समेत समावेश गरी तयार पारिएको तालिकावद्ध कार्ययोजना एवम् वित्तीय विवरणको प्रक्षेपण तथा सो प्रक्षेपणका लागि लिइएको आधार तथा मान्यतासहितको विवरण र बिमासम्बन्धी कागजात ।

(ञ) निष्काशन तथा बिक्री प्रबन्धकसंग भएको सम्झौताको प्रतिलिपि ।

(ट) निष्काशन गरिने शेयरको प्रत्याभूति (अण्डरराइट) गरिएको सम्झौताको प्रतिलिपि ।

**(ठ)** कम्पनीको साख निर्धारण (क्रेडिट रेटिङ्ग) प्रमाणपत्रको प्रतिलिपि ।

(ड) आयोजना प्रभावित क्षेत्रका बासिन्दासँग कुनै किसिमको सहमति भएको भए सो सहमतिको प्रतिलिपि ।

(ढ) कम्पनीको प्रवन्धपत्र र नियमावली (संशोधन भए सो समेत) ।

अनुसूची ३
(दफा ५ सँग सम्बन्धित)

**आयोजना निर्माणको लागि हकप्रद शेयर निष्कासनसम्बन्धी निवेदनको साथ संलग्न गर्नुपर्ने कागजात**

(क) कम्पनी सञ्चालकको लगत, सञ्चालकको वैयक्तिक विवरण तथा संस्थापक शेयरधनीको शेयर रकम सहितको विवरण ।

(ख) हकप्रद शेयर निष्कासन गर्ने र शेयर लगानी सम्बन्धमा सम्बन्धित कम्पनीको सञ्चालक समिति तथा साधारण सभाको निर्णय ।

(ग) अनुसूची ७ (क), ७ (ख), ८ (क), ८ (ख) र ८ (ग) बमोजिमको विवरण ।

(घ) मुख्य कम्पनी र सम्बन्धित सहायक कम्पनीको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजीको विवरण ।

(ङ) मुख्य कम्पनी तथा सहायक कम्पनीको पछिल्लो तीन आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण ।

(च) सहायक कम्पनीमा मुख्य कम्पनी र अन्य शेयरधनीको कति कति प्रतिशत शेयर कायम रहने हो सोको विवरण ।

(छ) प्रस्तावित आयोजनाको विद्युत उत्पादन अनुमतिपत्रको प्रतिलिपि ।

(ज) प्रस्तावित आयोजनाको विद्युत खरिदबिक्री सम्झौताको प्रतिलिपि ।

(झ) प्रस्तावित आयोजना निर्माणको लागि गरिएको वित्तीय व्यवस्थापन संझौताको प्रतिलिपि ।

(ञ) निवेदक कम्पनीको साविक आयोजनाको विद्युतको व्यापारिक उत्पादन शुरू भएको मिति र आयोजना सम्बन्धी विवरण ।

(ट) दफा ५ को उपदफा (१) बमोजिम प्रस्तावित आयोजनाको वित्तीय प्रगति कम्तिमा बिस र उपदफा (२) बमोजिमको प्रस्तावित आयोजनाको भौतिक प्रगति पच्चिस प्रतिशत भएको पुष्टी हुने कागजात र बिमासम्बन्धी कागजात समेत ।

(ठ) निष्कासन तथा बिक्री प्रबन्धकसँग गरिएको सम्झौताको विवरण ।

(ड) हकप्रद शेयर निष्कासनको सम्बन्धमा साख निर्धारणको (क्रेडिट रेटिङ्ग) प्रमाणपत्र ।

(ढ) निष्कासन गरिने शेयरको प्रत्याभूति (अण्डरराइट) गरिएको सम्झौताको प्रतिलिपि ।

(ण) कम्पनीको प्रवन्धपत्र र नियमावली (संशोधन भए सो समेत) ।

अनुसूची ४

(दफा ६ सँग सम्बन्धित)

**निर्माणाधीन आयोजनाको लागि हकप्रद शेयर निष्कासन सम्बन्धी निवेदनको साथ संलग्न गर्नुपर्ने कागजात**

(क) कम्पनी सञ्चालकको लगत, सञ्चालकको वैयक्तिक विवरण तथा संस्थापक शेयरधनीको शेयर रकम सहितको विवरण ।

(ख) काबूबाहिरको परिस्थिति उत्पन्न भएको प्रमाणित कागजात ।

(ग) हकप्रद शेयर निष्कासन गर्ने प्रस्ताव र निर्माण सम्पन्न गर्न आवश्यक पूँजीगत लगानीको वित्तीय योजना सम्बन्धी प्रस्ताव सञ्चालक समिति तथा साधारण सभाको निर्णय प्रतिलिपि ।

(घ) अनुसूची ७ (क), ७ (ख), ८ (क), ८ (ख) र ८ (ग) बमोजिमको विवरण ।

(ङ) आयोजना सम्बन्धी विवरण, आयोजना निर्माणको भौतिक प्रगति, प्रसारण लाइनको हालको अवस्था र बिमासम्बन्धी कागजात ।

(च) वित्तीय व्यवस्थापन अनुसार नियुक्त प्राविधिक परामर्शदाता (Technical Consultant) तथा वित्तीय परामर्शदाता (Financial Consultant) द्वारा प्रमाणित गरिएको हालसम्मको खर्च विवरण ।

(छ) अनुमतिपत्र प्राप्त कम्पनीले सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट हकप्रद शेयर निष्कासन सम्बन्धमा प्राप्त सहमतिको प्रतिलिपि ।

(ज) आयोजना निर्माणको लागि प्रचलित कानुन बमोजिम प्राप्त इजाजत वा अनुमतिपत्र वा स्वीकृति सम्बन्धी कागजात ।

(झ) पछिल्लो तीन आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण ।

(ञ) हकप्रद शेयर निष्कासनका लागि निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गरिएको सम्झौताको प्रति ।

(ट) आयोजना निर्माणको लागि अन्य वैकल्पिक स्रोतबाट आवश्यक रकम जुटाउन नसकेको आधार ।

(ठ) आयोजनाको लागत बढ्नुको कारणसहित सो प्रमाणित हुने कागजात ।

(ड) निष्कासन गरिने शेयरको प्रत्याभूति (अण्डरराइट) गरिएको सम्झौताको प्रतिलिपि ।

(ढ) हकप्रद शेयर निष्कासनको सम्बन्धमा साख निर्धारण (क्रेडिट रेटिङ्ग) प्रमाणपत्र ।

(ण) कम्पनीको प्रवन्धपत्र र नियमावली (संशोधन भए सो समेत) ।

अनुसूची ५
(दफा ७ सँग सम्बन्धित)

**अन्य प्रयोजनको लागि शेयरको सार्वजनिक निष्कासनसम्बन्धी निवेदनको साथ संलग्न गर्नुपर्ने कागजात**

(क) कम्पनी सञ्चालकको लगत, सञ्चालकको वैयक्तिक विवरण तथा संस्थापक शेयरधनीको शेयर रकम सहितको विवरण ।

(ख) शेयर निष्कासन गर्ने सम्बन्धमा कम्पनीको सञ्चालक समिति तथा साधारण सभाको निर्णय ।

(ग) शेयर निष्काशन गर्नुपर्ने आवश्यकता र सोको पुष्ट्याईं गर्ने कागजात, विवरण, तालिकावद्ध कार्ययोजना, प्रतिवेदन आदि ।

(घ) अनुसूची ७ (क), ७ (ख), ८ (क), ८ (ख) र ८ (ग) बमोजिमको विवरण ।

(ङ) बैंक तथा वित्तीय संस्थाको सहमति एवम् वित्तीय व्यवस्थापन आवस्यक पर्ने भएमा सो भएको संझौताको प्रति ।

(च) आयोजना सम्बन्धी विवरण ।

(छ) आयोजना निर्माण तथा सञ्चालनको लागि प्रचलित कानुनबमोजिम प्राप्त इजाजत, अनुमतिपत्र वा स्वीकृतिसम्बन्धी कागजात ।

(ज) पछिल्लो तीन आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण ।

